<u>नेपाल सरकार बाट स्वीकृत मिति २०६७।०१।२४</u>

# पाटन संग्रहालय विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६७

पाटन संग्रहालय विकास समिति -गठन) आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस आदेशको नाम पाटन संग्रहालय विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश २०६६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ को दफा २ मा संशोधन:</u> पाटन संग्रहालय विकास समिति (गठन), आदेश, २०५३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :

"(क१) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(क२) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष उपाध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ।

३. मूल आदेशको दफा ३ मा संशोधन मूल आदेशको दफा ३ को:

(१) उपदफा (२ को सट्टा देहायको उपदफा (२) राखिएको छ :

(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :

| | | |
|---|---|---|
| (क) | सचिव संघीय मामिला संविधानसभा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय | - अध्यक्ष |
| (ख) | महानिर्देशक पुरातत्व विभाग | - उपाध्यक्ष |
| (ग) | प्रतिनिधि, ललितपुर उपमहानगरपालिका | - सदस्य |
| (घ) | संग्रहालयसम्बन्धी विशेषज्ञहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत कम्तिमा एकजना महिलासहित तीनजना | - सदस्य |
| (ङ) | कार्यकारी निर्देशक | - सदस्य सचिव |

(२) उपदफा (३) झिकिएको छ।

४. <u>मूल आदेशको दफा ५ मा संशोधन</u> मूल आदेशको दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

५. <u>मूल आदेशको दफा १२ मा संशोधन:</u> मूल आदेशको दफा १२ मा रहेको "अध्यक्ष" भन्ने शब्दपछि "उपाध्यक्ष" भन्ने शब्द थपिएको छ।

६. <u>मूल आदेशको दफा १३ मा संशोधन:</u> मूल आदेशको दफा १३ मा रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

PATAN MUSEUM KESHAV NARAYAN CHOWK, PATAN DARBAR, LALITPUR NEPAL
www.patanmuseum.gov.np, e-mail: info@patanmuseum.gov.np Ph.no. 015531938